# पिपरा गाउँपालिका

## ११ औँ गाउँ सभाको नीति तथा कार्यक्रम

## पुस्तिक

## आ.व. २०८०/०८१



पिपरा गाउँपालिकाको नीति तथा कार्यक्रम
(स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४ को दफा ४.८ को चरण २ को बुँदा २.३ संग सम्बन्धित)

मान्नीय मधेश प्रदेशका प्रदेश प्रमुख ज्यू यो पालीकाकै मान्नीय प्रदेश प्रमुख ज्यू भएकोमा समेत हामी गौरवान्वित छौँ। यस पिपरा गाउँपालिका,गाउँ सभाको एघारौ अधिवेशनमा हार्दिक स्वागत गर्दछु।यस गरिमामय सभामा गाउँपालिका आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । गत निर्वाचनमा हामीलाई मतदान मार्फत निर्वाचित गर्नहुने आदरणीय पिपरा गाउँपालिकाबासी आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु । यस वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न विषयमा आफ्नो अमुल्य सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात तथा अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्धगाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका वाचाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहितस्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र रसमुदायको साझेदारीमा आधारित विकास गरिनेछ।

यस पिपरा गाउँपालिकाको गौरवशाली इतिहासवारे यँहाहरुलाई अवगतनै रहेको छ । पिपरा गाउँपालीकाको आफ्नै इतिहास छ । नेपालकोजहानिया राणा शासनको अन्तय होस वा प्रजातन्त्रिक आन्दोलन होस आदरणीय भद्रकाली मिश्र, रामनारायण मिश्र तथा सद्भावना परिषदका संस्थापक रामचन्द्र मिश्रजीले खेलेको अग्रगामी भुमीका प्रति हामी पिपरावासीको शिर जहिले पनि गर्वले उच्च रहन्छ । यसै गरी श्याम नन्दन मिश्र भारतका लागि सन् १९७९-८० मा विदेश मन्त्री समेत भएको इतिहास वोकेको यो गाउँमा माता बौधिमाईको अनुकम्पा र अलीपटि मजार, विधापति वसोवास गरेको वनौलीको धार्मिक र साँस्कृतिक विरासत वोकेको गाउँपालिका जनकपुरधाम र जलेश्वर जोडने हुलाकी राजमार्गको मुटुमा रहेको छ ।

केकको विचको भाग जस्तो रहेको गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिका पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

(क) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक,प्रशासनिक, आदि )

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्वआपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन हजारौ  युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ। उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन। यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाईसुविधाजनक र अबसर्जनकबनाउने ठुलो चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकासका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ। यस पिपरा गाउँपालिकाको आर्थिक स्तरउन्नतीका लागि यस गाउँपालिकाको आयको केहि भाग विस्तारै उत्पादनमुलक विकास तर्फ लगानी अग्रसर गर्दै पर्यावरण सन्रक्षनण सहितको दिगो विकास गर्नु पर्ने अवस्था अपरिहार्य रहेको ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिका क्षमता विकास गर्न समेत अपरिहार्य रहेको छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था रहेको छ ।

## (ख) विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

- **विद्यमानअवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु।
७. घरहरूको निर्माणमाभवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु।

- **विद्यमानचुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु।
३. गुणस्तरीय बीउबिजन मलखाद समयमा नै उपलब्ध गराउनु।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विनागरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु।
९. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
१०. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम्उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
११. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु।
१२. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचनाको (पूँजीगतसम्पति) लगत तयारगर्नु ,मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना(Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु।

## (ग) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था,राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम्अनुभव तथा सिकाइ आदि)

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिका आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ।

गाउँपालिका संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी बनाईनेछ। यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्तअनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शितार जवाफदेहीतालाइ आत्मसाथ गर्दै यस गाउँपालिकाको स्तरउन्नतीका लागि काम गरिनेछ।

## (घ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरणभौतिक उपलब्धि

### भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी

**सडक यातायातः**

यसगाउँपालिकामा हाल सम्म ५ किमि पक्कि सडक, ३.५ किमि ग्राभेल सडक, २.५ किमि धुले वा कच्ची सडक निर्माण भइरहेको छ,। पोखरीहरुको संरक्षणका निमित १३ वटा पोखरीहरुमा घाट निर्माण भएको छ। गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ। गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेकोछ। गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ बनाईएको छ।

**सिंचाइः**

गाउँपालिकाका विभिन्न वडामा विद्युतीय सिचाईको व्यवस्थालाई अगाडी बढाएको छ ,कोची सिचाईको लागि पक्कि बाध निर्माण र नहर ब्यबस्थित गर्ने कार्य अगाडी बढेको छ। सिचाईबाट सिचाई सुबिधा प्राप्त हुने अवस्था सृजना गर्न प्रयास गरेको छ तैपनि जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएकोछ।

### सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह,,) का क्षेत्रमा भएका उपलब्धी

गाउँपालिकामा रहेको २५ शैय्याको अस्पताल निर्माण भै सुचारु भएको छ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ।

विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि युवाहरुलाई खेलकुद सामग्री बितरण भएका छन।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार,,) का क्षेत्रमा भएका उपलब्धी**

हाल सम्म गाउँपालिकामा २.५ किमि कृषि सडक निर्माण भएकोछ । किसानहरुलाई गहु ,मुंग धानको उन्नत जातको बिउ बितरण गरिएको छ । समूह निर्माण गरि लागत साझेदारीमा कृषि तथा पशुपालन क्षेत्रमा समूह बनाई किसानको आर्थिक विकासमा टेवा पुर्याएको छ । गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्ध्दन गर्ने कामलाइ ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएकोछ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएकोछ । यसबाटरोजगारी सृजना भई पालिकावासीलाई लाभान्वित भएका छन् । बिभिन्न पोखरीहरुको सौन्दरिकरण कार्य गरिएको छ ।बहुबर्षीय योजना भोल्ही पोखरी ,पिपरा बजार दुर्गा मन्दिरको विस्तृत अध्यन बमोजिम ठेक्काको प्रकृया अगाडी बढाईएको छ ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

गाउँपालिकाले आवस्यक ऐन,नियमावली,कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ।गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७२.२५अंक प्राप्त गरेको छ ।

- प्रसशाकिय भवन निर्माणको प्रकृया अगाडी बढाईएको छ ।
- वडा नं ५ को स्वास्थ्य चौकी भवन निर्माणको प्रकृया अगाडी बढाईएकोले चाडै निर्माण कार्य सुरु हुने छ ।
- सम्पुरक अनुदान अन्तर्गत वडा नं ५ मा शितगृह coldstore निर्माण कार्य हुने सुनिश्चित भएको छ ।

**(ङ) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभाध्यक्ष महोदय,

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा**

१. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरि शतप्रतिशत बालबालिकालाई विद्यालय शिक्षा प्रदान गरिनेछ।

२. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

३. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ।

४. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

५. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

६. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

७. विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप संचालनलाई नियमित र ब्यबस्थित गरिनेछ।

८. राम नारायण उच्च माध्यमिक विद्यालयलाई नमुना र प्राविधिक विद्यालयको रुपमा विकास गरिनेछ ।

९. विद्यार्थीहरुको स्तरउन्नतीका लागि यस पालिका अन्तर्गत रहेका सम्पूर्णनि.मा.वि तथा उच्च मा.वि विधालयहरुमा नमुनायुवा संसदकोविशेष कार्यक्रम गरिनेछ ।

१०. यस पालिकाका सम्पूर्ण विद्यालयमा कक्षा ५ सम्म मैथली भाषामा पठन पाठन गराउने उचित व्यवस्था मिलाई मातृभाषाको सम्बर्दन गरिनेछ ।

११. यस पालिका अन्तर्गत रहेका सम्पूर्ण विधालयमा सुरक्षितर स्वच्छ महिनावारी सम्बन्धी जागरण मुलक कार्यक्रम गरिनेछ ।

१२. यस पालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयमाविद्यार्थीहरुलाई आत्मरक्षा गर्न विभिन्न विशिष्ट किसिमकामार्शल आर्ट (Martial Arts)को व्यवस्था मिलाईनेछ ।

१३. कक्षा १२ सम्मको पठनपाठन सम्पूर्ण रुपमा निशुल्क गराउने ।

### ख. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

२. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिका स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध गराइनेछ।

३. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **"विदेश हैन बिजनेस"** भन्ने भावना जागृत गराई स्वरोजगार उन्मुख गराइनेछ।

४. युवा लक्षित विशेष किसिमका सिपमुलक र आर्थिक सबलीकरण कार्यक्रम गरी युवालाई स्वावलम्बी बनाउने व्यवस्था मिलाईनेछ ।

५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
६. **"एक वडा,एक व्यायामशाला"** को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।
७. प्रत्येक वडाका बिभिन्न खेल खेल्ने खेलाडीहरुको मनोबल बढाउन हरेक वडामा खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।
८. लोकप्रिय खेलहरुको व्यवसायिक प्रशिक्षक उत्पादन गर्न प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरिनेछ ।
९. यस पालिका भित्रका वडाहरुबिच अन्तर वडा स्तरीय खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

**ग. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।
४. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
५. हेन्ड पाइपहरुवाट पानी नआउने समस्या सामाधान गर्न र दिगो रुपमा खानेपानीको व्यवस्थापनको लगी निर्माणधिन खानेपानीटंकीको पाइप विस्तार गरी घरघरमा खानेपानी पुरयाइने छ ।।
६. हिंसा पिडित महिला तथा बालबालिकाको लागि सहायता केन्द्र स्थापना गरिनेछ।
७. **"हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
८. गाउँपालिका बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।
९. बाल विवाह न्यूनिकरण गर्न तथ्य र तथ्याङ्कमा आधारित सामाजिक व्यवहार परिवर्तनकाका लागि लक्षित समूह डिजाईन प्रक्रियाबाट आएका क्रियाकलापहरु उच्च प्राथमिकताका साथकार्यान्वयनमा निरन्तरता दिइनेछ ।
१०. बाल विवाहन्यूनीकरण गर्न छात्रछात्रा लाई उच्च शिक्षामा पहुच बढाउन कक्षा ११/१२ निशुल्क लागु गरिनेछ ।
११. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
१२. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
१३. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१४. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।
१५. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
१६. लैंगिक हिंसा, घरेलु हिंसा, बल हिंसा तथा महिला हिंसावारे चेतनामुलक प्रशिक्षणको व्यवस्था गरिनेछ ।
१७. गाउँपालिका भित्रका महिलाहरुलाई निशुल्क सेनेटरी प्याड उपलब्ध गराइनेछ ।

**घ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।
२. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइस्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।
३. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।
४. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।
५. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी बनाईनेछ ।
६. पिपरा जनता अस्पताललाई थप उत्कृष्ट तथा सुविधाजनक बनाउने ।

**२. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**२.१** स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.२ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।

२. ३ नगर बिकास कोषलाई संघ ,प्रदेश र स्थानीयतह एवंवितीय संस्थाहरुको समेत स्वामित्व रहने गरी पुनर्संरचना गरीसंचालन गर्नका लागि कानुनको तजुर्मा गरिनेछ ।

२.४ यस पालिकामा कुनै किसिमको आर्थिक कारोवार गर्ने व्यवसायीहरुलाई निश्चित कर छुट गरी विशेष प्रोत्साहन गरिनेछ ।

२.५ करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गरुन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ ।

२.६ समयमै नियमित कर तिर्ने करदातालाई उचित छुटको व्यवस्था मिलाईनेछ ।

## क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
२. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति बनाईनेछ ।यसपालीकाकायुवाहरुलाईरोजगारीदिनकालागिएकउधोगकोस्थापनागरिने छ ।
३. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।
४. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।
५. यस पालिका भित्र बिधमान रहेको विद्यापति प्रवेश द्वार – विद्यापति डीह हुदै एकरहिया सम्मको विद्यापति डीह मार्ग लाई स्तर उन्नति गरि कालो पत्रे सडक निर्माण गरिनेछ ।
६. गाउँपालिका र वाहिर अन्य गाउँपालिका संग सहकार्य गरी नेपाल पर्यटन बोर्डको सहलगानीमा साविकका प्याकेजमा सुधार सहित नयाँ प्याकेजको निर्माण तथा कार्यान्वयन गरिनेछ।
७. मुख्य स्थान चोक र गाउँपालिकाप्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले /विलवोर्ड राखिनेछ।
८. प्रत्येक पर्यटन स्थलमा प्रयटकहरुका लागि उचित खानेपानी, सरसफाई, विश्राम स्थल तथा कुनै किसिमको भेदभाव रहित प्रयटकिय स्थल बनाउने ।
९. यस पालिका अन्तर्गत हुने बिभिन्न चाड, पर्वहरुमा विभिन्न पालिकाका प्रमुख, उप-प्रमुख तथामाननीय व्यक्तित्वहरुलाई आमन्त्रण गरी उक्त स्थललाई राष्ट्रिय स्तरमा चिनाउने ।
१०. यस पालिकाका अन्तर्गत रहेका पिपरा हनुमान मन्दिर , बौधीमाई मन्दिर, विद्यापति डिहलाई विशेष रुपमा संवर्दन तथा संरक्षण गरी राष्ट्रिय स्तरको प्रयटकिय स्थलको रुमपा विकास गर्ने ।
११. यस गाउँपालिकाले नेपालको इतिहासमा गरेको अमुल्य योगदानलाई संस्थागत गरी यस पालिकाको मान स्वाभिमान झल्काउने एउटा भव्य संग्रहालयको निर्माण गरिनेछ ।

## ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
२. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
३. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरि किसान कार्डको समेत व्यवस्था गरिनेछ।

४. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

५. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित पुर्वाधारको विकास गरिनेछ ।

६. पालिकावासीलाइ सर्वशुलभ तबरले तरकारी, फलफूलको आपूर्ति गर्न शीत भण्डारको स्थापना गरिनेछ ।

७. यस पालिकाले आयोजन गरेको सबै कार्यक्रममा यस पालिकाले स्थानीय उत्पादहरुलाई विशेष रुपमा प्राथमिकता दिने ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

३. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

**३. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह भौतिक तथाडिजिटल  रुपमा समेत प्रकाशन गरिनेछ।

४. सुचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज, र पहुँचयोग्य बनाईनेछ ।

५. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

**४. सुशासनसार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम ,**

*१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।*

२. गाउँपालिकाभित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App)तयार गरी लागु गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर गर्ने कार्य अगाडी बढाईनेछ ।

४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

७. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

८. गाउँपालिकासुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

९. गाउँपालिकाभित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१०. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

११. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

## ५. वन, वातावारण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन

१. खाली जग्गामा वृक्षारोपण, जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

२. पोखरी संरक्षणविकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षणमा वृध्दि गरिनेछ ।

३. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

४. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई ब्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

५. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

६. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

७. Ground water charge गर्नका लागि सोकपिट निर्माण गर्न अनुदान प्रदान गरिनेछ ।

## ६. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार)सम्बन्धी नीति तथा कार्यक्रम

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. गाउँपालिका भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

६. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

७. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

८. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

९. गाउँपालिका भित्रसडककोमापदण्डलाईआवश्यकताकोआधारमाकायमगरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१०. गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

११. **"एक वडा-एक पार्क"** निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

१२. सार्बजनिक सम्पतिहरुको संरक्षण गर्न अभियान संचालन गरिनेछ ।

## ७. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।
२. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

**धन्यवाद**

---

**अनुसूची: आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू (केही थप उदाहरणहरू)**
**आर्थिक विकास**

1. चिसयान केन्द्रको व्यवस्था
2. लोक सेवा तयारी कक्षा
3. बजार व्यवस्थापन
4. महिलाहरुको लागि सिप मुलक तालिम
5. दुध जन्य सामग्रीमा पलिकालाई आत्म निर्भर बनाउने
6. कृषि क्षेत्र निर्माण
7. तरकारी खेती
8. पशुपालन
9. सिचाई
10. व्यापार प्रबर्धनको लागी सुलभ ऋण
11. पालिका भित्ररहेको धार्मिक स्थल पहिचा नगरि व्यवस्थाप नगर्ने

**सामाजिक विकास**

1. सार्वजनिक स्थानमा शौचालयको व्यवस्था
2. बालविवाह मुक्तपालिका
3. सार्वजनिक विद्यालयहरुमा १ कक्षा देखि ५ कक्षा सम्मअंग्रेजी मध्यमबाट पढाई
4. ब्यामशाला तथा खेल मैदानको व्यवस्था
5. सार्वजनिक स्थानमा खानेपानीको व्यवस्था
6. उच्चा माध्यमिक विद्यालय सम्म निशुल्क शिक्षा
7. प्रत्येक घरमा स्वास्थ्य परिक्षणको व्यवस्था ( जेष्ठनागरिक)
8. फोहोरमैलाको उचित व्यवस्थापन

9. बृद्धआश्रमको व्यवस्था
10. जेष्ठ नागरिकलाई धार्मिक भ्रमणको व्यवस्था
11. बाल खेलमैदानको व्यवस्था

**भौतिक तथा पूर्वाधार विकास**

1. प्रत्येक वस्तीबाट पालिका सम्म पक्की सडक
2. प्रत्येक टोलमा सार्वजनिक भवनको निर्माण
3. प्रत्येक विद्यालयमा पक्की कक्षा भवन निर्माण
4. पक्की नालाको निर्माण
5. सिचाई पक्कीनहरको निर्माण
6. कृषि सडक तथा विधुतको व्यवस्था
7. फुस्को छाना मुक्त पालिका
8. सुकुम्बासीलाई जग्गाको व्यवस्था गरि घर निर्माण
9. सोलार सडक बत्तीको व्यवस्था

**वन, वातावरण तथा विपत व्यवस्थापन**

1. पालिकाभित्र बाढी जाने ठाउँको पहिचान तथा नियन्त्रण
2. सडक छेउमा वृक्षरोपन गर्ने
3. विपद सम्वन्धि जानकारीको लागि डाटाबेस निर्माण गरिएको हुनेछ
4. प्राकृतिक विपदवाट प्रभावितहरुलाई उचित क्षतिपूर्ति र पूर्णस्थापनाकोव्यवस्था

**सुशासन तथा संस्थागत विकास**

1. वर्षमा २ पटक सार्वजनिक सुनवाईको व्यवस्था
2. सुशासन शाखा गठनगरि सम्वन्धित ब्यक्ति तोकिने
3. गुनासो समाधान गर्ने सम्येन्त्रको व्यवस्था
4. प्रत्येक वडा कार्यालयको भवन निर्माण
5. नियमित बजार अनुगमन
6. पालिका प्रशासकिय भवनको निर्माण
7. भ्रस्टाचार मुक्त पालिका निर्माण

8. गरिब जनतालाई न्यायको पहुच गराउने व्यवस्था

**अव म आगामी बर्षको अनुमानित बजेटको संक्षिप्त रुप प्रस्तुत गर्न चाहन्छु :**

माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि आगामी आ.ब. २०८०।०८१ को आय तर्फ ४६७९६५३३०(छयालीस करोड उन्नानासी लाख पैसठी हजार तिन सय तिस रुपैया ) आयको अनुमान गरिएको छ र व्यय को चालु तर्फ १०३५९५६२३ र पुजीगत तर्फ १५१५६९७०७ (सशर्त बाहेक ) बिनियोजन गरिएको छ

आयको अनुमान

| | | |
|---|---|---|
| संघ | समानीकरण अनुदान | ११३४००००० |
| | राजश्व बाँडफाँड | ८७९२५३३० |
| | सशर्त अनुदान | २१२८००००० |
| | बिशेष अनुदान | ८०००००० |
| | सम्पुरक अनुदान | १२५००००० |
| प्रदेश | समानीकरण अनुदान | ८३४०००० |
| | राजश्व बाँडफाँड | - |
| | सशर्त अनुदान | - |
| | बिशेष अनुदान | ३०००००० |
| | सम्पुरक अनुदान | २०००००० |
| आन्तरिक | आन्तरिक आय | २०००००००० |
| | जम्मा | ४६७९६५३३० |

आदरणीय उपस्थित सम्पूर्ण महानुभावहरु

गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ को लागि प्रस्ताव गरेको बजेटको विनियोजन विधेयक लगायतका आवश्यक विधेयकहरु सभाबाट स्वीकृत गर्ने हुँदा सारांश मात्रै गरेको व्यहोरा अनुरोध गर्न चाहन्छु । विस्तृत विवरण सहितको सम्पूर्ण नीति, कार्यक्रम तथा बजेट समेटिएको पुस्तिका प्रकाशनको साथै स्थानीय राजपत्रमा समेत प्रकाशन गरिने जानकारी गराउँदछु ।

अन्तमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष एवं अप्रत्यक्षरुपमा अमूल्य सुझाव एवं सहयोग पुर्याउनु हुने गाउँपालिकाका पदाधिकारीहरु कर्मचारीहरू लगायत अन्य व्यक्तिहरु प्रति आभार प्रकट गर्दै कार्यान्वयनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

॥ धन्यवाद ॥